प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

सूचना प्रकाशित मिति २०७८।५।१०

## घर भाडा लिने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस कार्यालयको लागि काठमाडौंस्थित सम्पर्क कार्यालय प्रयोजनार्थ तपशिल बमोजिमको घर वा फ्ल्याट भाडामा लिनु पर्ने भएकोले इच्छुक घरधनी, फर्म वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. कार्यालयलाई आवश्यक पर्ने घर वा फ्ल्याट काठमाडौं जिल्लास्थित चावहिल चोक देखी नारायणगोपाल चोकसम्मको रिंग रोड भित्र कम्तीमा १६०० वर्ग फिट क्षेत्रफल भएको घर वा फ्ल्याट हुनु पर्नेछ।

२. उक्त घर वा फ्याल्टमा कम्तीमा तीन वटा गाडी पार्किङको सुविधा भएको हुनुपर्नेछ ।

३. उक्त घरसम्म दुई वटा गाडी आवातजावत गर्ने मिल्ने पक्की सडक हुनुपर्नेछ।

४. उक्त घरमा पानी, विजुली, नाला र शौचालयको उचित व्यवस्थापन भएको हुनुपर्नेछ ।

५. उक्त घरको नक्शा पास वा अभिलेखीकरण महानगरपालिकाबाट गरेको हुनुपर्नेछ।

६. घर भाडा दिन इच्छुक घरधनी, फर्म वा संस्थाहरुले आफुले दिन चाहेको दररेट कर सहितको अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गा धनी प्रमाणपुर्जा, मालपोत तिरेको रसिद, नक्सा पास वा अभिलेखीकरण प्रमाणपत्र, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी वा फर्म/संस्थाको हकमा फर्म दर्ता, नवीकरण, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, दर्ता लगायतका प्रमाणपत्रका फोटोकपीहरु स्वंयले प्रमाणित गरी मिति २०७८/०५/२४ गतेसम्म कार्यालय समयभित्र रु. १०/- को टिकट टाँसी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेको सो को भोलिपल्ट पेश गर्न सकिनेछ।

७. घरभाडा रकम घरभाडा निर्धारण समितिले तोके अनुसारको हुनेछ । सो रकममा नियमानुसार लाग्ने कर कट्टी गरि बाँकी रकम घरधनीलाई भुक्तानी दिइनेछ र पानी तथा विजुलीको महशुल विल अनुसार कार्यालयले नै भुक्तानी गर्नेछ।

८. घरभाडा लिने वा नलिने सम्बन्धमा निर्णय गर्ने अधिकार यस कार्यालयलाई हुनेछ।

९. रित नपुगी वा तोकिएको सुविधाभन्दा कम सुविधा भएको घरधनी, फर्म वा संस्थाहरुबाट आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

१०. अन्य कुराहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ र प्रचलित नियमानुसार हुनेछ।

११. विस्तृत विवरण वा जानकारी लिन परेमा यस कार्यालयको टेलिफोन नम्बर ०२१-४७०१६६ मा सम्पर्क गर्न सकिनेछ।